
के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कन्सर्न
रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २३ ❑ अङ्क २६४ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७९ असोज २८ गते शुक्रबार ❑ 14 Oct. 2022 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-


## देउवाले हटाए जसपाका मन्त्री

**पोखरापत्र संवाददाता**
**पोखरा, २७ असोज**

प्रधानमन्त्री शेरबहादुर देउवाले जनता समाजवादी पार्टीका मन्त्रीहरूलाई बर्खास्त गरेका छन् ।

सत्ता गठबन्धन छोडेर एमालेसँग चुनावी तालमेल गरेको जसपाका चार जना मन्त्रीहरूलाई देउवाले बिहीबार बर्खास्त गर्नुभएको छ । जसपाबाट राजेन्द्र श्रेष्ठ संघीय मामिला तथा सामान्य प्रशासन, मृगेन्द्रकुमार सिंह यादव कृषि तथा पशुपंक्षी विकास, मोहम्मद इश्तियाक राई भौतिक पूर्वाधार तथा यातायात र प्रदीप यादव वन तथा वातावरण मन्त्री थिए ।

राष्ट्रपति विद्यादेवी भण्डारी बर्खास्त भएका सबै मन्त्रीहरूले सम्हालेका मन्त्रालय प्रधानमन्त्री देउवाले नै सम्हाल्ने गरी कार्यभार तोक्नुभएको छ । जसपा अध्यक्ष उपेन्द्र यादवले यसअघि आफूहरूले सत्ता गठबन्धन छोडे पनि सरकार नछोड्ने र प्रधानमन्त्री देउवाले पनि आफ्नो पार्टीका मन्त्रीहरूलाई नहटाउने विश्वास रहेको बताएका बताउनुभएको थियो ।

कानुन न्याय तथा संसदीय मामिला मन्त्रालयको कार्यभार सञ्चार तथा सूचना प्रविधि मन्त्री ज्ञानेन्द्रबहादुर कार्कीले सम्हाल्ने हुनुभएको छ । गोविन्दप्रसाद शर्मा (कोइराला) को पदावधि सकिएसँगै प्रधानमन्त्री शेरबहादुर देउवाले सो जिम्मेवारी कार्कीलाई दिनुभएको छ ।

राष्ट्रपतिको कार्यालयबाट जारी विज्ञप्तिमा भनिएको छ, राष्ट्रपति विद्यादेवी भण्डारीले नेपालको संविधानको धारा ७८ बमोजिम मिति २०७८ चैत २४ गते माननीय कानुन न्याय तथा संसदीय मामिला मन्त्री पदमा नियुक्त हुनु भएका गोविन्दप्रसाद शर्मा (कोइराला) ले नेपालको संविधानको सोही धारा बमोजिम संघीय संसद्को सदस्यता प्राप्त गर्न नसकी निजको पदावधि सकिएकोले सम्माननीय प्रधानमन्त्रीको सिफारिसमा उहाँले सम्हाली आउनुभएको कानुन न्याय तथा संसदीय मामिला मन्त्रालयको कार्यभार माननीय सञ्चार तथा सूचना प्रविधि मन्त्री ज्ञानेन्द्रबहादुर कार्कीले सम्हाल्ने गरी तोक्नु भएको छ ।

## राष्ट्रिय खेलकुद उद्घाटनका लागि उपराष्ट्रपति पोखरामा

**पोखरापत्र संवाददाता**
**पोखरा, २७ असोज**

नवौं राष्ट्रिय खेलकुद प्रतियोगिताको उद्घाटनका लागि उपराष्ट्रपति नन्दकिशोर पुन बिहीबार पोखरा आउनुभएको छ ।

यही असोज २८ गते शुक्रबार ४:०० बजे पोखरा रङ्गशालामा हुने प्रतियोगिताको उद्घाटन कार्यक्रममा उहाँ सहभागी हुनुहुनेछ ।

बुद्ध एयरबाट दिउँसो ३:२२ बजे उपराष्ट्रपति पुन पोखरा विमानस्थलमा अवतरण गर्नुभएको जिल्ला प्रहरी कार्यालयका प्रमुख प्रहरी उपरीक्षक अजय केसीले जानकारी दिनुभयो । उपराष्ट्रपतिको पोखरा आगमनसँगै यहाँको सुरक्षा व्यवस्था कडा पारिएको छ । राष्ट्रपति विद्यादेवी भण्डारीले उक्त प्रतियोगिता उद्घाटन गर्ने कार्यक्रम तय भए पनि अस्वस्थताका कारण उहाँ उपस्थित हुन सक्नुभएन ।

गण्डकी प्रदेशका आठै जिल्लामा शुक्रबारदेखि राष्ट्रिय खेलकुद प्रतियोगिता औपचारिक शुभारम्भ हुँदैछ । प्रतियोगिता कात्तिक ३ गतेसम्म सञ्चालन हुनेछ । शुभारम्भका लागि पोखरा रङ्गशालामा भव्य तयारी गरिएको प्रतियोगिता प्रचार-प्रसार उपसमितिका संयोजक दीपेन्द्र विष्टले जानकारी दिनुभयो । 'एकताबद्धदेश,खेलकुदकोसन्देश' को शान्ति र राष्ट्रिय भावसहित नेपाली खेलकुदको सर्वोच्च प्रतियोगिता राष्ट्रिय खेलकुद गण्डकी प्रदेशमा औपचारिक सुरु हुँदैछ। राष्ट्रिय खेलकुदको अपनत्व प्रदेशवासीलाई गराउन यसपटक नवौं संस्करणमा गण्डकीका आठ जिल्लामा यही असोज २८ देखि कात्तिक ३ गतेसम्म एक साता प्रतियोगिताअन्तर्गतका खेल आयोजना गरिएसँगै प्रदेशभर खेलकुदको माहोल तातेको छ ।

हिमाली जिल्ला मनाङ, मुस्ताङ र लमजुङबाहेकका जिल्लाले खेल आयोजनाको अवसर पाएका छन् । कोभिड-१९ महामारीको प्रभावले हरेक दुई-दुई वर्षमा हुनुपर्ने प्रतियोगिता तोकिएको समयभन्दा डेढ वर्ष ढिला गरी आयोजना भयो । विसं २०७७ फागुन अन्तिम साताका लागि तय भएको नवौं कोरोनाकै कारण पटक-पटक स्थगन हुँदै आएको थियो ।

प्रतियोगिताको अन्तिम तयारीले मुख्य आयोजनास्थल पर्यटकीय सहर पोखरा खेलकुदमय बनेको हो । खेलाडी, खेलकुदकर्मीसहित विभिन्न पेशा व्यवसायीहरू उत्साहित बनेका छन् । विसं २०७६ मङ्सिरमा १३औँ दक्षिण एसियाली खेलकुदपछि पर्यटकीय सहर पोखराले पहिलोपटक घरेलु खेलकुदको सर्वोच्च प्रतियोगिताको आतिथ्यता प्रदान गर्दैछ । यसअघि विसं २०४० मा पोखरामा दोस्रो संस्करणको राष्ट्रिय खेलकुद भएको थियो ।

प्रतियोगिता उद्घाटन, खेल सञ्चालन र खेल पूर्वाधारलाई निर्माणलगायतका सबै तयारी पूरा भएको आयोजक राष्ट्रिय खेलकुद परिषद् (राखेप)ले जनाएको छ । कतिपय खेलका पूर्वाधार निर्माण र स्तरोन्नतिमा ढिलाइ भए पनि समग्रमा राष्ट्रिय खेलकुदलाई भव्य बनाउने गरी तयारीका काम भएका छन् ।

खेलस्थल, प्रतियोगिता सञ्चालन, समारोह सुरक्षा, खेल सामग्री सबै हिसाबले प्रतियोगिताको तयारी पूरा भएको राष्ट्रिय खेलकुद परिषद्का सदस्यसचिव टङ कलाल घिसिङले बताउनुभयो । राष्ट्रिय खेलकुदमा सात प्रदेश, तीन विभागीय टोली र एनआरएन गरी ११ टोलीको सहभागिता छ ।

## लामिछानेलाई पाँच दिन हिरासतमा राख्न अनुमति

**रासस**
**काठमाडौं, २७ असोज**

काठमाडौँ जिल्ला अदालतले राष्ट्रिय क्रिकेट टोलीका निलम्बित कप्तान सन्दीप लामिछानेलाई पाँच दिन हिरासतमा राखेर अनुसन्धान अघि बढाउन अनुमति दिएको छ ।

उक्त अदालतले यही असोज २७ गतेदेखि लागू हुने गरी यही असोज ३१ गतेसम्म म्याद थप गर्नका लागि अनुमति दिएको हो । लामिछानेलाई हिरासतमा राखी अनुसन्धान अघि बढाउन यो दोस्रोपटक म्याद थप गरिएको हो । यसअघि यही असोज २० गतेदेखि आजसम्मका लागि म्याद दिइएको थियो ।

प्रहरीले लामिछानेलाई म्याद थपका लागि अदालतमा माग गरेकामा न्यायाधीश सूर्यबहादुर थापाले अभियुक्तको अनुसन्धान छिट्टै सकेर सरकारी वकिललाई बुझाउन र मुद्दा चाँडै दायर गर्न निर्देशन दिनुभएको अधिवक्ता सुवास पाठकले जानकारी दिनुभयो । यसअघि पहिलो पटक म्याद दिँदा अदालतमा लामिछानेले जाहेरवाली १९ वर्षको भएकोले नाबालिका नभएको समेत न्यायाधीशसमक्ष जिकिर गर्नुभएको थियो ।

नाबालिकामाथि जबर्जस्ती करणी गरेको अभियोगमा जाहेरी परेपछि लामिछानेलाई हिरासतमा राखिएको छ । प्रहरीले यही असोज २० गते उहाँलाई अन्तर ष्ट्रिय विमानस्थलबाटै पक्राउ गरेको थियो ।

## आयोगले तोक्यो जिल्ला आचारसंहिता अनुगमन अधिकृत

**रासस**
**काठमाडौं, २७ असोज**

निर्वाचन आयोगले आगामी मङ्सिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेशसभा सदस्यको निर्वाचनका लागि निर्वाचन आचारसंहिता, २०७९ को दफा ३२ बमोजिम सम्बन्धित जिल्लाको कोष तथा लेखा नियन्त्रकको कार्यालयका प्रमुखलाई जिल्ला आचारसंहिता अनुगमन अधिकृतका रूपमा तोकेको छ ।

आयोगको यही असोज २४ गतेको उक्त निर्णयानुसार आफ्नो जिल्लाभित्रका कर्मचारी, शिक्षक वा निर्वाचन आचारसंहिता पालना गर्नुपर्ने दायित्व भएका कुनै व्यक्तिले निर्वाचन आचारसंहिताविपरीत कार्य गरेमा सम्बन्धित जिल्लाको कोष तथा लेखा नियन्त्रकको कार्यालयका प्रमुख तथा आचारसंहिता अनुगमन अधिकृतलाई निर्वाचन आयोग ऐन, २०७३ र निर्वाचन (कसुर तथा सजाय) ऐन, २०७३ बमोजिम कारवाही गर्न निर्देशन दिइएको आयोगका प्रवक्ता शालिग्राम शर्मा पौडेलले जानकारी दिनुभयो ।

**बाँकी अन्तिम पृष्ठमा ▸▸**

## तनहुँ विकासको जिम्मा हामी लिन्छौं : वरिष्ठ नेता पौडेल

**पोखरापत्र संवाददाता**
**तनहुँ, २७ असोज**

नेपाली कांग्रेसका वरिष्ठ नेता रामचन्द्र पौडेलले तनहुँ विकासको जिम्मा आफूहरूले लिने बताउनुभएको छ ।

व्यास नगरपालिका-१४ स्थित प्रसिद्ध धार्मिकस्थल छाब्दीवाराहीमा बिहीबार दर्शनपछि स्थानीयसँगको भेटघाटमा उहाँले अवरुद्ध भएको विकास निर्माणको जिम्मा अब आफूहरूले लिने बताउनुभयो ।

मङ्सिर ४ गते हुने निर्वाचनका लागि तनहुँ क्षेत्र नम्बर १ का प्रतिनिधिसभा सदस्य उम्मेदवार पौडेलले गत निर्वाचनमा कांग्रेस हार्दा जिल्लाको विकास रोकिएकाले अबको निर्वाचनमा कांग्रेस नेतृत्वको गठबन्धनको जित अपरिहार्य रहेको बताउनुभयो ।

विगतको निर्वाचनका आफू देशव्यापी लाग्नुपर्दा तनहुँका जनतामा भ्रम उत्पन्न भई निर्वाचन हारे पनि यसपटक तनहुँका जनताको साथ आफूलाई प्राप्त हुने पौडेलको भनाइ थियो । "देशलाई सुशासन चाहिएको छ, राजनीतिक स्थिरता चाहिएको छ, नेपालको अनुकूल विकास चाहिएको छ", पौडेलले भन्नुभयो, "त्यो कांग्रेसको नेतृत्वमा मात्र सम्भव छ ।" जिल्लामा कांग्रेसकै नेतृत्वमा थुप्रै विकास भए पनि विकास भएन भनेर विपक्षीले अनावश्यक प्रचार गरेको पौडेलको आरोप थियो । "जनतालाई भ्रमको सिकार बनाइयो, गाउँ-गाउँमा विकास पुगेको छ, सडक पुगेको छ, अब कालोपत्र गर्छौं", उहाँले भन्नुभयो ।

## कृषक समुहलाई कानुनी सचेतना

**पोखरापत्र संवाददाता**
**पोखरा, २७ असोज**


जलवायु परिवर्तन, अर्गानिक कौशी खेती र नेपालका लोकल बिउबिजन संरक्षण लगायतका क्षेत्रमा कार्य गर्दै आएको कारितास नेपाल फिल्ड कार्यालय कास्कीले आफ्ना कार्यक्षेत्र भित्र रहेका माछापुच्छ्रे कृषक समुहका कर्मचारीहरुलाई महिला बिरुद्ध हुने हिंसा र उपचार बारे अभिमुखीकरण कार्यक्रम सम्पन्नरेको छ ।




महिलाहरुलाई लिंगका आधारमा हुने हिंसा र लैगिक समानता बिषयमा कानुनी सचेतना कार्यक्रम सम्पन्न गरेको हो । कारितास नेपाल जिबिको पार्जन तथा उत्थानसीलता परियोजना अन्तरगत संचालित सो तालिम कार्यक्रममा सामाजीक समावेसी निति, कारितास नेपालको यौन शोषण, दुर्व्यबहार र उत्पीडन नीति सम्बन्धि एक दिने अभिमुखीकरण कार्यक्रममा अधिवक्ता दुर्गा भण्डारी प्रशिक्षण गर्नुभएको थियो ।

महिला समुहलाई समुदायमा जादा महिला बिरुद्ध हुने हिंसा र त्यसको कानुनी उपचारको बाटो बारे सचेत गराउने उद्देश्यले सो कार्यक्रम आयोजना गरिएको हो । सो कार्यक्रममा अधिवक्ता भण्डारीले लिंगका आधारमा हुने हिंसा र घरेलु हिंसाले परिवार तथा समाजमा पार्ने नकारात्मक असर बारे जानकारी गराउनु भएको थियो । 'हिंसालाई सहेर बस्दा अपराधलाई प्रोत्साहन मिल्ने हुदा महिलाले समयमै उपचार खोज्नु पर्ने साथै पीडित महिलाहरुलाई घरपरिवार, समाज र राज्यले संरक्षण गर्नु पर्ने' बताउनु भयो । कारितास नेपाल कास्कीका फिल्ड कार्यालयका प्रमुख शोभा आर्चायले महिला र पुरुष समबिकासको सिद्धान्तलाई ब्यवहारमा उर्तानु पर्ने बताउनु भयो ।

सो अवसरमा उहाले लैगिक बिभेदका कारण समाजमा पछौटेपन अझै बिद्यमान रहेकोले महिलाहरु हरेक क्षेत्रमा ब्यवसायीक बन्दै जानु पर्ने बताउनुभयो ।

# नेपाल उद्योग व्यवसायी महासंघले प्रथम वडा स्तरीय फुटसल प्रतियोगिता गर्ने

**पोखरापत्र संवाददाता**
**पोखरा, २७ असोज**

"सफल व्यवसायीका लागि स्वास्थ्य, स्वास्थ्यका लागि खेलकुद" भन्ने नारा सहित नेपाल उद्योग ब्यवसायी महासंघ पोखरा महानगर कमिटिले पोखरामा फुटसल प्रतियोगिता गर्ने भएको छ।

पोखरा रंगशालामा कार्त्तिक १७, १८ र १९ गते प्रथम वडा स्तरीय फुटसल प्रतियोगिता आयोजना गर्ने लागिएको महानगर कमिटिका महासचिव हेमराज भण्डारीले पत्रकार सम्मेलन मार्फत जानकारी दिनुभयो । उहाँका अनुसार खेलकुदको माध्यमबाट विभिन्न पेशा ब्यवसाय सञ्चालन गरिरहेका व्यवसायीहरु बीच आपसी मित्रता अभिवृद्धि गरी व्यवसायीक एकतालाई मजबुत




बनाइ स्वस्थ्य रहन अभिप्रेरित गर्ने उद्देश्यका साथ प्रतियोगिताको आयोजना गर्न लागिएको हो।

गण्डकी प्रदेशको कास्की जिल्लालाई खेलकुद हवको रुपमा चिनाउन साथै खेल प्रतिको उत्साहलाई जगाउन महानगरको प्रत्येक वडामा फुटसलको विकास गर्ने उद्देश्य रहेको प्रतियोगिताका संयोजक तुलबहादुर थापाले जानकारी दिनुभयो। उहाँका अनुसार ३२ वटै वडाबाट सहभागि हुनका लागि वडाले सिफारिस गरेको टिम हुनुपर्नेछ भने केही व्यवसायिक खेलाडिहरुलाइ समेत टिममा सहभागि गराउन पाइने छ । प्रतियोगितामा प्रथम हुने टिमले नगद एक लाख र द्धितिय हुने टिमले नगद ५० हजारसहित ट्रफि, मेडल र प्रमाण-पत्र प्राप्त गर्ने छन् । साथै खेलमा उत्कृष्ट खेलाडि, गोलकिपर र हाइ स्कोर गर्नेलाई समेत पुरस्कारको व्यवस्था गरिएको छ।

कार्यक्रममा करिव सात लाख खर्च हुने र विभिन्न विज्ञापनदाताबाट सहयोग लिएर करिब दश लाख रुपैयाँ संकलन गरि तीन लाख रुपैयाँ बचत गर्ने उद्देश्य रहेको नेपाल उद्योग ब्यवसायी महासंघ पोखरा महानगर कमिटि अध्यक्ष हरी भुजेलले जानकारी दिनुभयो । उहाँले खेलबाट बचेको रकमलाई व्यवसायिक सामाजिक उत्तरदायित्व अन्तर्गत गरिब तथा जेहेन्दार विद्यार्थीलाई छात्रवृत्तिको व्यवस्था गरिने बताउनुभयो । पोखरालाई खेल पर्यटनको रुपमा विकास गर्ने साथै नयाँ नयाँ खेलाडि उत्पादन गर्नमा समेत यस्ता गतिविधिले सहयोग पुग्ने उहाँको विश्वास थियो।

# महिला भलिबलमा गण्डकी प्रदेशको विजयी सुरुवात

**पोखरापत्र संवाददाता**
**पोखरा, २७ असोज**

नवौं राष्ट्रिय खेलकुद अन्तरगत म्याग्दीको सदरमुकाम बेनीमा भएको महिला भलिवल प्रतियोगितामा गण्डकी प्रदेशले विजयी सुरुवात गरेको छ।

गण्डकी प्रदेशले सुदुरपश्चिम प्रदेशलाई सोझो ३-० सेटमा पराजित गर्दै विजयी सुरुवात गरेको हो। भलिवलप्रेमी दर्शकको भिडका बिच भएको भएको गण्डकीले सुदुरपश्चिम प्रदेश माथि २५-१८, २५-०८, २५-२२ को जित निकालेको थिए । गण्डकी प्रदेशको कप्तानी राष्ट्रिय महिला भलिवल टिमकी कप्तान अरुणा शाहीले गरेकी थिईन। भने सुदुरपश्चिम प्रदेशको कप्तानी बलारती जोशीले गरेकी थिईन । महिला भलिबलमा सात प्रदेश ३ विभागिय नेपाली सेना, शसस्त्र



प्रहरी र नेपाल प्रहरीका टीमका खेलाडीहरूको सहभागिता रहेको थियो। शुक्रबार महिला भलिबल अन्तरगत तीन खेल हुदै छन् । असोज २८ गते शुक्रबार बिहान ८ बजे समुह १ को शसस्त्र प्रहरी र कर्णाली प्रदेश, १० बजे समुह २ को बाग्मती र प्रदेश १ र २ बजे तेस्रो समूहको नेपाल पुलिस क्लव र लुम्बिनी बिच हुने महिला भलिबल प्रतियोगिताका संयोजक याम बहादुर गुरुङले जानकारी दिए । महिला भलिबल र तेक्वान्दोको जिल्ला खेलकुद विकास समितिका प्रमुख राजकुमार थापाले उद्घाटन गरेका थिए । खेलाडीको स्वागतमा बेनी बजारमा बाजागाजा, झाँकी सहितको र्‍याली निकालिएको थियो।

# महिला क्रिकेटमा एपीएफ र मधेश प्रदेश विजयी

**पोखरापत्र संवाददाता**
**पोखरा, २७ असोज**

नवौं राष्ट्रिय महिला क्रिकेट प्रतियोगिता अन्तर्गत विहीबार सशस्त्र प्रहरी बलको एपिएफ र मधेश प्रदेश बिजयी भएका छन्। विहीबारको पहिलो खेलमा एपिएफले गण्डकी प्रदेशलाई र दोश्रो खेलमा मधेश प्रदेशले सुदूरपश्चिम प्रदेशलाई पराजित गर्दै बिजयी भएका हुन्।

विहीबारको पहिलो खेलमा एपीएफ क्लवले गण्डकी प्रदेशलाई ९ विकेटले पराजित गऱ्यो । पोखरा रंगशालामा भएको खेलमा गण्डकीले प्रस्तुत गरेको २७ रनको सामान्य लक्ष्य एपीएफले १ सय ६ बल बाँकि रहँदै प्राप्त गऱ्यो। एपीएफको तर्फबाट सिता राना मगरले ५ बलमा २ चौका प्रहार गर्दै १२ रन जोडिन । इन्दु




बर्माले ३ बलमा २ चौका सहित ९ रन जोडिन् । खराब लयबाट गुज्रिइरहेको गण्डकीले पहिला व्याटिङ गर्दै १८.२ ओभरमा सम्पूर्ण विकेट गुमाएर २६ रन बनाएको थियो । गण्डकीका कुनैपनि खेलाडीले दोहोरा आँकडाको योगफल तयार पार्न सकेनन्। श्रृष्टि जैशिले बनाएको ५ रननै गण्डकीको सर्वाधिक बन्न पुग्यो। एपीएफको बलिङमा प्लेयर अफ द म्याच इन्दु बर्माले ३ ओभरमा ४ रन खर्चिएर २ विकेट लिइन् । त्यस्तै, सुमन विष्ट, नेरी थापा, निशा भट्ट र सिता रानामगरले १-१ किवेट लिए। गण्डकीका श्रृष्टी जैशिले १ विकेट लिइन्। जितसंगै एपीएफ ग्रुप ए को शिर्षस्थानमा पुगेको छ। एपीएफले दुई खेलमा दुई जित हाँसिल गर्दै ४ अंक जोडेको छ।

विहीबार भएको दोश्रो खेलमा मधेश प्रदेशले सुदूरपश्चिम प्रदेशलाई १५ रनले पराजित गर्दै बिजयी भयो। पहिले व्याटिङ गरेको मधेश प्रदेशले निर्धारित २० ओभरमा ९ विकेट गुमाएर ९१ रनको योगफल तयार गऱ्यो। ९२ रनको लक्ष्य लिएर मैदानमा उत्रिएको सुदूरपश्चिम प्रदेशले ८ विकेट गुमाएर ७६ रन मात्र बनाएपछि मधेश प्रदेश बिजयी भएको हो । विहीबारको खेलमा मधेश प्रदेशका सना प्रविन प्लेयर अफ दी म्याच घोषित भईन् । उनले मधेशका लागि ३५ रनको योगदान दिईन् । त्यस्तै गोमा आलेले १० रन बनाईन्। मधेशका सन्तोषी चौधरी, शान्ती चौधरी र अनुराधा चौधरीले समान २/२ विकेट हत्याए।

सुदूरपश्चिमका लागि ऋतु कनौजियाले २७, रुवी पोद्दारले १२ तथा यशोदा विष्टले ११ रनको योगदान दिए।

# निर्वाचन मतपरिणाबारे सर्वेक्षणबारे आयोगको ध्यानाकर्षण

**रासस**
**काठमाडौं, २७ असोज**

आगामी मङ्सिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेशसभा सदस्यको निर्वाचनको आचारसंहिता विपरीत कतिपय व्यक्तिले सामाजिक सञ्जालको प्रयोग गरेर राजनीतिक दल र उम्मेदवारका सम्बन्धमा मत सर्वेक्षण र सोको नतिजा सार्वजनिक गरेको पाइएको छ । आयोगका उपसचिव एवं सहायक प्रवक्ता कमल भट्टराईले बिहीबार प्रेस विज्ञप्ति जारी गरी उपरोक्त व्यवस्था विपरीत कोही कसैले कार्य गरेमा कानुन बमोजिम कारबाही हुने स्पष्ट गर्नुभएको छ।

निर्वाचन आचारसंहिता, २०७९ को दफा ४ (त) मा उम्मेदवारको मनोनयनपत्र दर्ता भएको मितिदेखि मतदान सम्पन्न नभएसम्म उम्मेदवार वा राजनीतिक दलको मतपरिणामका सम्बन्धमा कुनै मत सर्वेक्षण गर्न वा त्यस्तो सर्वेक्षणको परिणाम घोषणा गर्न वा प्रकाशन गर्न नपाइने स्पष्ट उल्लेख गरिएको छ । साथै आचारसंहिताको दफा ४ को (थ) मा निर्वाचनलाई प्रतिकूल प्रभाव पार्ने वा अवरोध गर्ने गरी विचार राख्न, प्रचारप्रसार गर्न, कुनै विद्युतीय सामग्री उत्पादन गर्न तथा सामाजिक सञ्जालमा प्रकाशन गर्न वा अरूले प्रकाशन गरेका सामग्री शेयर गर्नसमेत नहुने व्यवस्था रहेको छ।

## आयोगले...

ती अधिकृतलाई अनुगमनको जानकारी सम्बन्धित जिल्लाको आचारसंहिता अनुगमन समिति र आयोगमा पठाउने गरी अधिकार दिइएको छ।

आचारसंहिताको पहिलो संशोधनमा प्रत्येक जिल्लामा आयोगले तोकेका वा खटाएको नेपाल सरकार वा प्रदेश सरकारको अधिकृतस्तरको कर्मचारीलेनिर्वाचनआचारसंहिता अधिकृतका रूपमा काम गर्ने उल्लेख छ । प्रत्येक जिल्लामा मुख्य निर्वाचन अधिकृतको संयोजकत्वमा जिल्ला आचारसंहिता अनुगमन समिति रहने व्यवस्था रहेको छ । केन्द्रस्तरमा आयोगका आचारसंहिता हेर्ने आयुक्तको संयोजकत्वमा केन्द्रीय आचारसंहिता अनुगमन समिति रहेको छ।

**कोभिड-१९ को जोखिम कायमै छ।**

**यसबाट बच्न र बचाउन:**

◆सही तरिकाले मास्क लगाऔं।
◆भेटघाट र जमघटमा कम्तिमा २ मिटरको दुरी कायम राखौं।
◆साबुनपानीले नियमित हात धोऔं वा स्यानिटाइजर प्रयोग गरौं।
◆खोक्दा वा हाच्छिँ्यू गर्दा नाक, मुख छोप्ने गरौं।
◆घर तथा कार्यालयको नियमित सेनेटाइज गरौं।
◆अनावश्यक भीडभाड नगरौं।
◆हावा ओहोरदोहोर नहुने स्थान र भीडभाडमा नजाऔं।
◆कोभिड-१९ विरुद्धको खोप तथा बुष्टर डोज लगाऔं।
◆कोभिडको लक्षण देखिएमा समयमा नै परीक्षण गरौं।

**नेपाल सरकार**
**विज्ञापन बोर्ड**

# महिला फुटबलमा विभागीय टोलीको सहज जित

**पोखरापत्र संवाददाता**
**वालिङ, २७ असोज**

नवौं राष्ट्रिय खेलकुद प्रतियोगिता अर्न्तगत महिला फुटबलको दोस्रो खेलमा बिभागीय टिम नेपाल आर्मीले सहज जित निकालेको छ । स्याङजाको वालिङमा भएको खेलमा आर्मीले मधेश प्रदेशलाई ६-० गोल अन्तरले पराजित गरेको हो।

आर्मीले खेलको ९ औ मिनेटमा इन्दिरा राईको गोलबाट अग्रता लिएको थियो । पहिलो हाफको इन्जुरी टाइमको दोस्रो मिनेटमा पुनः गोल गर्दै इन्दिराले अग्रता दोब्बर पारिन् । पहिलो हाफमा दुई गोलले अगाडि रहेको आर्मीलाई खेलको ५२ औ मिनेटमा चन्द्रा भण्डारीले गोल गर्दै ३-० को स्थितिमा पुऱ्याइन्।

खेलको ५५ औ मिनेटमा चन्द्रा भण्डारीको पासमा कुस्मा खतिवडाले गोल गरिन् । चौथो गोल गरेको दुई मिनेटमै अमिसा कार्कीले मैदानको मध्य भागबाट एक्लै गोलकिपरलाई विट गर्दै गोल गरिन् । कार्की खेलको ४६ औ मिनेटमा मैदानमा प्रवेश गरेकी थिइन् । इन्दिरा राईको ठाउँमा ६७ औं मिनेटमा मैदान प्रवेश गरेकी हिमा चौधरीले उत्तरार्धको इन्जुरी टाईमको एक मिनेटमा गोल गर्दै आर्मीको जित सुनिश्चित गरिन्।

मधेश प्रदेशले भने पाएका अवसर खेर फाल्यो । आर्मीका प्रशिक्षक चक्र तामाङले खेल जिते पनि खेलाडीले सोचे अनुसार खेल्न नसकेको बताए । यस्तै मधेश प्रदेशका प्रशिक्षक चित्र बहादुर दर्लामीले खेलाडी सोचे भन्दा राम्रो खेलको प्रतिक्रिया दिए। राष्ट्रिय खेलाडी सम्मिलित विभागीय टिमसगँ नयाँ खेलाडीले सोचे भन्दा राम्रो खेलेको उनको भनाइ थियो।

बिहिबारबाट स्याङजा वालिङ स्थित मालेबगर खेल मैदानमा सुरु भएको महिला फुटबलमा सात प्रदेश र तीन बिभागिय टोलीको सहभागीता रहेको छ। प्रतियोगिताको पहिलो खेलमा वागमतिलाई ५-० गोल अन्तरले पराजित गर्दै नेपाल पुलिस क्लब विजयी भएको थियो।

**प्यारालाइसिसका बिरामीको उपचार**

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ ।

लक्षणहरू :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सर्म्पक:
**स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.**
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

**के तपाईमा यौनसम्बन्धी समस्या छ**

**पुरूषमा देखिने:**
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङ्गको आकार सानो हुने आदि ।

**महिलाहरुमा देखिने:**
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

**सुन्दरता** : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

**मलद्वार सम्वन्धी रोग** : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरूषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

**जाँच्ने समय:** प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
**माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.**
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८५१०८८११८

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

**कपालको उपचार**

**कपाल झर्न तुरून्त रोक्ने तथा उमार्ने**

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**



● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगावै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।

सम्पर्क: **पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.**
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

केवल कर्महीन नै त्यस्तो हुन्छन जो भाग्यलाई फुकाउँछन र उसँग गुनासोको बाहुल्यता रहन्छ । – गौतम बुद्ध

## सम्पादकीय

# प्रतिशोधको राजनीति

सत्ता गठबन्धनमा रहेको दलले चुनावमा पनि गठबन्धन गरोस् भन्ने चाहना हुनु स्वभाविक हो । काङ्ग्रेस नेतृत्वको सरकारमा सहभागी भएको जनता समाजवादी पार्टी जसपा एमालेसंग तालमेल गरेको छ। काङ्ग्रेस र माओवादी केन्द्र, एकीकृत समाजवादीले जसपालाई सिट संख्यामा पेलेपछि एमालेसंग तालमेल गरेको छ । सरकारमा रहेको दलले प्रतिपक्षी दलसँग गठबन्धन गरेको निहुँमा प्रधानमन्त्री शेरबहादुर देउवाले जसपा मन्त्रीहरुलाई हटाएका छन् । गठबन्धनबाट बाहिरिएर पनि सरकार नछाडेपछि देउवा जसपाका मन्त्रीहरुलाई हटाएर कडा जवाफ दिएका छन ।

देउवाले जसपाका संघीय मामिला तथा सामान्य प्रशासनमन्त्री राजेन्द्र श्रेष्ठ, भौतिक पूर्वाधारमन्त्री मोहम्मद इस्तियाक राई, वन तथा वातावरणमन्त्री प्रदीप यादव र कृषि तथा पशुपक्षी मन्त्री मृगेन्द्रकुमार सिंहलाई हटाएर उनीहरुको मन्त्रायको जिम्मेवारी पनि आफैंले राखेका छन् । यस्तै, कानुनमन्त्री गोविन्दप्रसाद शर्मा (कोइराला)को पदावधी सकिएकाले उक्त मन्त्रालयको जिम्मेवारी सञ्चारमन्त्री ज्ञानेन्द्रबहादुर कार्कीलाई सुम्पिएका छन् । २०७४ सालको निर्वाचनमा काङ्ग्रेस सभापति शेर बहादुर देउवाले सत्ता गठबन्धनमा रहेका माओवादी केन्द्रका मन्त्रीलाई विनाविभागीय बनाएका थिए ।

सरकारमा रहेको माओवादी केन्द्रले विपक्षी एमालेसंग गठबन्धन गरेको थियो । अहिले पनि जसपा सरकारमा रहेको र विपक्षी एमालेसंग चुनावी तालमेल गर्दा मन्त्री हटाउने काम दोहोरो मापदण्ड हो । हिजो नै हटाउने तयारी गरेका देउवाले राष्ट्पति कार्यालयसंगको परामर्शपछि बर्खास्त गरेका छन । राष्ट्पति निवासका सहप्रवक्ता केशव प्रसाद घिमिरेद्वारा जारी विज्ञप्तिमा प्रधानमन्त्री देउवाको सिफारिसमा राष्ट्पति विद्यादेवी भण्डारीले उनीहरुलाई पदमुक्त गरेकी हुन् । सत्तारुढ गठबन्धन छोडेर नेकपा एमालेसँग चुनावी तालमेल गरेपछि प्रधानमन्त्री देउवा रुष्ट बनेका हुन कि कसैको दबाब अनुरुप चलेका हुन भन्ने प्रश्न खडा भएको छ ।

संघ सरकारले जनता समाजवादी पार्टी (जसपा) का चार मन्त्रीलाई हटाएपछि मधेस सरकारबाट पनि नेपाली काँग्रेस, नेकपा माओवादी केन्द्र र नेकपा एसका मन्त्रीहरुलाई हटाउने तयारी गरिएको छ । मधेस प्रदेश सरकारको नेतृत्व जसपाले गरिरहेको छ । सत्ता गठबन्धनबाट हटेकै निहुँमा आफ्ना मन्त्रीलाई हटाएकाले मधेसमा त्यसको बदला लिने वातावरण बन्दैछ । मुख्यमन्त्री लालबाबु राउतले प्रदेश सरकारबाट काँग्रेस, माओवादी र नेकपा एसका मन्त्रीहरुलाई हटाउन छलफल थालेका छन । कांग्रेस, माओवादी र नेकपा एसका मन्त्रीहरु नैतिकताका आधारमा राजीनामा दिउन भन्ने छ । प्रतिशोधको राजनीति लिएर देउवाले दलहरूबीच दुरी बढाउने काम गरेका छन ।

## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : कार्यमा सफलता | तुला | : आर्थिक समस्या |
| वृष | : मन चञ्चल | वृश्चिक | : मानसिक तनाव |
| मिथुन | : सहयोग मिल्नेछ | धनु | : शारीरिक झमेला |
| कर्कट | : सत्कार मिल्नेछ | मकर | : ब्यापारमा लाभ |
| सिंह | : सम्मान मिल्नेछ | कुम्भ | : शत्रुको भय |
| कन्या | : अप्रत्यसित लाभ | मीन | : झमेला बढ्ने |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।

# तनहुँमा दुई लाख ४८ हजार मतदाता

पोखरापत्र संवाददाता
तनहुँ, २७ असोज

आगामी मङ्सिर ४ गते हुने सङ्घीय तथा प्रदेशको निर्वाचनमा तनहुँबाट दुई लाख ४८ हजार चार सय ९५ मतदाता सहभागी हुँदैछन् । गत जेठ महिनादेखि यता चार हजार एक सय ५५ नयाँ मतदाता थपिएपछि उक्त सङ्ख्या पुगेको जिल्ला निर्वाचन कार्यालयका प्रमुख हरिप्रसाद ढकालले जानकारी दिनुभयो ।

विसं २०७९ को वैशाखमा सम्पन्न स्थानीय तहको निर्वाचनमा दुई लाख ४४ हजार तीन सय ४० मतदाताले मतदान गरेका थिए । त्यसैगरी आगामी मङ्सिर ४ गते हुन गइरहेको सङ्घीय तथा प्रदेशको निर्वाचनमा मतदान केन्द्र, मतदानस्थलको साथै अस्थायी मतदान केन्द्र रहने छ । सुरक्षाकर्मी, राष्ट्रसेवक कर्मचारी, कैदीबन्दी र आश्रममा रहेका ज्येष्ठ नागरिकका लागि लक्षित गरी अस्थायी मतदान केन्द्र स्थापना गर्न लागेको हो । सुरक्षाकर्मी, राष्ट्रसेवक कर्मचारीले सङ्घीय संसद्को समानुपातिक उम्मेदवारलाई मात्रै मतदान गर्न पाउने व्यवस्था गरिएको जिल्ला निर्वाचन कार्यालय तनहुँका प्रमुख ढकालले जानकारी दिनुभयो ।

अन्यको हकमा भने सङ्घीय र प्रदेश दुवै उम्मेदवारलाई मतदान गर्न पाउने छन् । उहाँले भन्नुभयो, "अस्थायी मतदान केन्द्र निर्धारण गर्न बाँकी रहे पनि यस जिल्लाको हकमा बढीमा तीनदेखि चार वटासम्म हुन सक्छ ।" उक्त निर्वाचनमा यस जिल्लाबाट पुरुष एक लाख १९ हजार छ सय ५० र महिलातर्फ एक लाख २८ हजार आठ सय ४५ जनाले मतदान गर्दै छन् । आवश्यकताको आधारमा निर्वाचन आयोगलाई अस्थायी मतदान केन्द्रको लागि सिफारिस गरी पठाइनेछ । उहाँले भन्नुभयो, "मतदान गर्नबाट कोही पनि नछुटून भनी आयोगले यस किसिमको कार्य व्यवस्था गरेको छ ।" जिल्लाका ८५ वडामा गरी एक सय ४२ मतदानस्थल र तीन सय पाँच मतदान केन्द्र रहेको उहाँले जानकारी दिनुभयो । तनहुँका दुई निर्वाचन क्षेत्रबाट विभिन्न राजनीतिक दलका गरी ५७ उम्मेदवार चुनावी मैदानमा छन् ।

# बेनीमा राष्ट्रिय महिला भलिबल

पोखरापत्र संवाददाता
बेनी, २७ असोज

नवौं राष्ट्रिय खेलकुद प्रतियोगिताअन्तर्गत म्याग्दीको सदरमुकाम बेनीमा शुक्रबारदेखि राष्ट्रिय महिला भलिबल प्रतियोगिता सुरु हुँदै छ ।

कात्तिक २ गतेसम्म सञ्चालन हुने उक्त प्रतियोगिताका लागि बेनीको खुल्लामञ्चमा खेल सामग्रीको बन्दोबस्त, खेल मैदान निर्माण तथा मर्मत र सजावटको काम सकिएको छ । खेलाडीको आवास र अभ्यासस्थलसहित ब्यवस्थापकीय काम सकिएको र भव्य समारोहकाबीच उद्घाटन गर्ने तयारी गरिएको जिल्ला खेलकुद विकास समितिका अध्यक्ष दिनेश केसीले जानकारी दिनुभयो । जिल्ला खेलकुद विकास समिति र जिल्ला भलिबल सङ्घको नेतृत्व र पालिकाको सहयोगमा प्रतियोगिता सञ्चालनका लागि पूर्वाधार तयारी भएको छ । "राष्ट्रिय र अन्तराष्ट्रियस्तरमा सहभागिता जनाएका खेलाडीको उपस्थिति हुने उक्त प्रतियोगिताले जिल्लामा खेलकुद क्षेत्रको विकासमा थप टेवा पुर्‍याउने देखिन्छ, राष्ट्रियस्तरको प्रतियोगिता यस जिल्लामा आयोजना हुनु सम्पूर्ण म्याग्देली खेलप्रेमिका लागि गौरवको कुरा भएकाले हामी प्रतियोगितालाई सफल बनाउन जुटेका छौँ"- अध्यक्ष केसीले भन्नुभयो । महिला भलिबलमा सहभागी हुने सात प्रदेशसहित नेपाली सेना, सशस्त्र प्रहरी र नेपाल प्रहरीका खेलाडी बेनीमा आइसकेको जिल्ला भलिबल सङ्घका अध्यक्ष तेजेन्द्र बाँनियाले जानकारी दिनुभयो । प्रतियोगितामा सहभागी हुन आएका खेलाडी, प्रशिक्षक र व्यवस्थापकलाई होटल व्यवसायी सङ्घको समन्वयमा आवासको प्रबन्ध मिलाइएको छ । शुक्रबार बेनीमा झाँकीसहितको र्‍यालीमार्फत खेलाडीलाई स्वागत गर्दै प्रतियोगिता औपचारिक उद्घाटन गर्ने कार्यक्रम तय भएको छ ।

उद्घाटनका अवसरमा जिल्लाका मौलिककला, संस्कृति, वेषभूषा र बाजागाजासमेत प्रदर्शन गरिने भएको छ । राष्ट्रिय महिला भलिबल प्रतियोगिताको पूर्वसन्ध्यामा बेनीबजार र खेल सञ्चालन हुने खुलामञ्च परिसर सरसफाइ गरी तुल, ब्यानर र तोरण टाँगेर सिँगारिएको छ । गण्डकी प्रदेशमा ३९ वर्षपछि भएको उक्त प्रतियोगिताअन्तर्गत जिल्लामा महिला भलिबलसँगै तेक्वान्दो प्रतियोगितासमेत सञ्चालन हुँदै छ । कालीपुलस्थित कवर्ड हलमा हुने तेक्वान्डो प्रतियोगिताका लागिसमेत खेल मैदानको व्यवस्थापनको सम्पूर्ण तयारी पूरा भएको छ ।

# युक्रेनको पक्षमा नेपालको मतदान

रासस
काठमाडौं, २७ असोज

संयुक्त राष्ट्रसङ्घको साधारणसभामा एक सय ४३ सदस्य देशले युक्रेनमाथि रुसले गरेको बर्बर र पाशविक आक्रमणको निन्दा र भर्त्सना गर्दै खेद प्रस्ताव पारित गरेका छन् ।

नेपालले पनि उक्त प्रस्तावको पक्षमा मतदान गरेको छ । बुधबार भएको मतदानमा एक सय ४३ देशले पक्षमा र पाँच देशले विपक्षमा मतदान गरेका छन् ।

विपक्षमा मतदान गर्नेमा बेलारुस, उत्तर कोरिया, निकारागुवा, रुस र सिरिया रहेका छन् । यसैगरी ३५ देश मतदानको समयमा अनुपस्थित रहेका थिए ।

## विमा लेख हरायो

गुराँस लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडबाट जारि गरिएको निम्न लिखित बीमालेख हराएको हुँदा फेला पार्नुहुने महानुभावहरुले निम्नलिखित ठेगानामा सम्पर्क गर्न अनुरोध गर्दछु ।
नामः बिनिता जि.सी.
ठेगानाः पोखरा–१५
विमा लेख नं. ०६१०००३६५७
नामः विशाल जि.सी.
ठेगानाः पोखरा–१५
विमा लेख नं. ०६१०००३६५८
सम्पर्क : गुराँस लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड
क्षेत्रीय कार्यालय पोखरा, फोनः ०६१-५२४४५०

# पुरुष हक्कीमा आर्मीको बिजयी सुरुवात

पोखरापत्र संवाददाता
पोखरा, २७ असोज



गण्डकी प्रदेशको राजधानी पोखारमा भईरहेको नवौं राष्ट्रिय खेलकुद प्रतियोगिता अन्तर्गत भएको पुरुष हक्की खेलमा नेपाल आर्मीले बिजयी शुरुवात गरेको छ।

पोखरा-२५ हेमजास्थित गौरीशंकर खेल मैदानमा भएको पुरुष हक्कीतर्फको उद्घाटन खेलमा नेपाल आर्मीले गण्डकी प्रदेशलाई ४-० गोल अन्तरले पराजित गरेको हो । खेलको नवौं मिनेटमा आर्मीका लागि राजेन्द्र कार्कीले गोल गर्दै अग्रता दिलाए । २८ औं मिनेटमा कार्कीले नै दोस्रो गर्दै अग्रता दोब्बर बनाए ।

खेलको ३७ औं मिनेटमा प्रदीप राजवंशीले तेश्रो गोल गरे भने ४२ औं मिनेटमा रोमन रानाले गोल गर्दै आर्मीलाई ४-० को फराकिलो जित दिलाएका हुन् । मैदान ढिलो तयार हुँदा प्रतियोगिताको उदघाटन पनि निर्धारित समय भन्दा केहिबेर ढिला भएको थियो । उद्घाटन खेल सुदूरपश्चिम प्रदेश र प्रदेश नं. १ बीच हुने भनिएपनि पहिलो खेलको समय गुज्रिएपछि नेपाल आर्मी र गण्डकी प्रदेशबीच भएको थियो । प्रतियोगिताको युवा तथा खेलकुद मन्त्री महेश्वरजंग गहतराजले गरेका थिए । प्रतियोगिताको उद्धघाटन गर्दै मन्त्री गहतराजले खेलकुद विकासका लागि सरकार प्रतिवद्ध रहेको बताए। खेल क्षेत्रको समस्या पहिचान गरि यसलाई विकास गर्नको लागि अहिलेको सरकारले देशका विभिन्न स्थानमा भौतिक पुर्वाधार निर्माण गर्ने कार्य सुरुवात गरेको छ," उनले भने, "खेलाडीको मनोवल उच्च राख्नको लागि सरकारले विभिन्न योजनाहरु बनाएको छ,विगतको जस्तो निराश हुने अवस्था छैन ।"

उनले नवौ राष्ट्रिय खेलकुद प्रतियोगिता गण्डकी प्रदेशमा आयोजना हुनु नै यहाँको पर्यटन पर्वद्धनमा टेवा पुग्ने विश्वास व्यक्त गर्दै खेलाडीलाई जितको शुभकामना दिए ।

# माथिल्लो दोर्दी 'ए' को बिजुली परीक्षण सुरु

पोखरापत्र संवाददाता
लमजुङ, २७ असोज

लिवर्टी इनर्जी हाइड्रोपावरद्वारा निर्माण गरेको माथिल्लो दोर्दी 'ए' को उत्पादित बिजुली परीक्षण आजदेखि सुरु भएको छ । दोर्दी गाउँपालिका-६ ढोडेनीमा स्थित २५ मेगावाट क्षमता सो आयोजना एक महिनाअघि निर्माण सम्पन्न भएको थियो ।

आयोजनाका प्रवर्द्धक राजेन्द्र वस्तीले भन्नुभयो, "हामीले बल्लबल्ल आयोजना निर्माण सम्पन्न गरौँ, निर्माण सम्पन्न भएपछि आयोजनाको उत्पादित बिजुली आजदेखि परीक्षण सुरु गरेका छौँ ।" आज र भोलि दुई दिन मेसिन जडान गर्न समय लाग्ने उहाँको भनाइ छ । "नेपाल विद्युत् प्राधिकरणको अनुमति र प्राधिकरणबाट कर्मचारीको उपस्थिति भएसँगै परीक्षण सुरु भएको छ । १५ दिन जति परीक्षण गर्छौं, सफल भएमा हामी व्यावसायिकरुपमै कात्तिकदेखि नै बिजुली उत्पादन गर्न थाल्ने छौँ", उहाँले भन्नुभयो ।

यस आयोजनाको बाँकी रहेको काम पेनस्टक पाइपमा, टनेलमा पानी भर्ने काम, हेडबक्समा गत वर्ष बाढीले क्षति बनाएपछि उक्त समयमा बिजुली उत्पादन गर्न असफल भए पनि ती सबै काम सम्पन्न गरेर यतिबेला बल्ल उत्पादित बिजुली परीक्षण अघि बढेको आयोजनाले जनाएको छ ।

उहाँले भन्नुभयो, "आयोजनाको बाँधस्थल लोदो खोलाबाट दुई हजार सात सय मिटर लामो भूमिगत सुरुङ र दुई हजार सात सय मिटर लामो पेनस्टक पाइपमार्फत दोर्दीखोलाको पानीलाई विद्युत्गृहमा झारिएको छ ।" यसको सफल परीक्षणसमेत भइसकेको छ । आयोजना निर्माणका क्रममा रु तीन अर्ब ९६ करोड लगानीमा निर्माणकार्य सम्पन्न लक्ष्यका साथ अघि बढे पनि यसको लागतसमेत बढेको बताइएको छ। सो आयोजना विसं २०७१ बाट निर्माण थालनी गर्दै विसं २०७४ मा निर्माण सम्पन्न गर्ने लक्ष्य आयोजनाको थियो । तर विनासकारी भूकम्पपछिको अघोषित नाकाबन्दी र विसं २०७६ भदौमा आएको बाढीका कारण निर्धारित समयमा निर्माण सम्पन्न हुन सकेन । सम्झौताअनुसार आयोजनाको निर्माण सम्पन्न गर्न नसक्दा पटक-पटक म्याद थप गर्दै आएको थियो । यस आयोजनाको लागत प्रतिमेगावाट रु १८ करोड ५४ लाख लाग्ने कम्पनीको अनुमान छ। आयोजनाको बिजुली हिउँदको समयमा आठ रुपैयाँ ४० पैसा र वर्षायाममा चार रुपैयाँ ८० पैसा हुने गरी प्रवर्द्धक कम्पनी लिवर्टी र विद्युत् प्राधिकरणबीच विद्युत् खरिद बिक्री सम्झौता (पिपिए) भएको छ । आयोजनामा १२ दशमलव पाँचका दुईवटा गरी २५ मेगावाटको बिजुली उत्पादन हुने भएको छ । यस दोर्दी करिडोरमा यस आयोजनासहित पाँच आयोजना रहेका छन् ।

पिपुल्स हाइड्रो पावर कम्पनीद्धारा जिल्लाकै ठूलो निर्माणाधीन ५४ मेगावाटको सुपर दोर्दी 'ख', हिमालयन पावर पार्टनरले निर्माण गरेको २७ मेगावाटको दोर्दीखोला, लिबर्टी इनर्जी लिमिटेडले निर्माण गरेको २५ मेगावाटको माथिल्लो दोर्दी 'ए' जलविद्युत्को रहेका छन् । त्यस्तै दोर्दीखोला जलविद्युत् कम्पनीले निर्माण गरिरहेको १२.१ मेगावाटको दोर्दी-१, छ्याङ्दी खोला हाइड्रोपावर कम्पनीको चार मेगावाट क्षमताको जलविद्युत् आयोजना रहेका छन् । यीमध्ये २७ मेगावाटको दोर्दीखोला, छ्याङ्दीखोला हाइड्रोपावर कम्पनीको चार मेगावाट क्षमताको जलविद्युत् आयोजनाको बिजुली राष्ट्रिय प्रसारण लाइनमा जोडिसकेको छ ।

सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# पर्यटकीय नगरी पोखरामा आज नवौँ राष्ट्रिय खेलकुद उद्घाटन

–वासुदेव पौडेल
गण्डकी, २७ असोज

"माछापुच्छ्रे फेवातालमा
पौडी खेल्दो रैछ
पोखरा त साँच्चिकै पो
पोखरा नै रैछ"

वरिष्ठ गीतकार प्रेमप्रकाश मल्लको गीत घन्किरहेको छ पोखरा रङ्गशालामा। भोलि हुने नवौँ राष्ट्रिय खेलकुदको औपचारिक उद्घाटन समारोहको तयारी भइरहँदा गुन्जिएको उक्त गीतले पोखराको सुन्दरताको वर्णन गरेको छ। माछापुच्छ्रेको काखमा रहेको पोखरा र यसको मुटुमा रहेको रङ्गशाला चिटिक्क सिंगारिएको छ।

नवौँ राष्ट्रिय खेलकुदकै तयारीका लागि यत्रतत्र छरिएर खेल्दै गरेका खेलाडीका कारण यहाँको शोभा भरिएको छ। दसैँ र आसपासमा केही दिनको लगातारको भारी वर्षा पछि पोखराको मौसम पनि खुल्दै गएको छ। चाँदी झैँ टलक्क टल्कने माछापुच्छ्रेसहित हिमाली दृश्यले देशका कुना कुनाबाट आएका खेलाडी तथा कर्मचारी मख्ख छन्। कोरोना तथा स्थानीय निर्वाचनलगायत कारण २०७७ मा नै हुनुपर्ने नवौँ राष्ट्रिय खेलकुदको 'काउण्टडाउन' ढिलै भए पनि भोलि सकिँदैछ।

नेपालगञ्जमा सम्पन्न आठौँ राष्ट्रिय खेलकुदको समापनका दिन नवौँ राष्ट्रिय खेलकुद २०७७ फागुन २१ देखि २७ सम्म गण्डकी प्रदेशमा हुने जानकारी गराइएको थियो। विश्वव्यापी महामारीका रूपमा फैलिएको कोरोना भाइरसका कारण विश्व खेलकुदका गतिविधिसँगै नेपालको राष्ट्रिय खेलकुदमा पनि असर परेको थियो। पछिल्लो समय स्थानीय निर्वाचनका कारण पनि खेलको मिति पुनः पछि सरेको थियो। अब भने नवौँ राष्ट्रिय खेलकुदको प्रतिक्षाको घडी सकिइसकेको छ।

नवौँ राष्ट्रिय खेलकुदको औपचारिक उद्घाटन भोलि उपराष्ट्रपति नन्दबहादुर पुनले दिउँसो ३.३० बजे एक समारोहकाबीच गर्नुहुने नवौँ राष्ट्रिय खेलकुद, प्रचारप्रसार उपसमितिका संयोजक दीपेन्द्र विष्टले जानकारी दिनुभयो। उद्घाटन समारोहलाई भव्य र सभ्य बनाउन सबै तयारी अन्तिमचरण पुगेको उहाँले बताउनुभयो। विसं २०३८ देखि सुरु नेपाली राष्ट्रिय खेलकुदको इतिहासमा २०४० सालमा दोस्रो संस्करणको राष्ट्रिय खेलकुद गर्ने अवसर पाएको पोखरालाई चार दशकपछि नवौँ राष्ट्रिय खेलकुद घरेलु मैदानमा गर्ने मौका जुरेको हो।

कूल ३६ वटा खेल खेलाइने प्रतियोगितामा आठ हजार खेलाडी तथा कर्मचारी सहित १० हजारभन्दा बढी व्यक्ति पोखरामा एकसाथ जुट्दैछन्। यसअघि १३औँ दक्षिण एसियाली खेलकुद (साग)का आठवटा खेल सम्पन्न गरेको पोखराको घरेलु मैदानमा नै यसपटक २६ वटा खेल हुने खेलमैदान व्यवस्थान उपसमितिका संयोजक एवं राष्ट्रिय खेलकुद परिषद्का सदस्य राजेश गुरुङले जानकारी दिनुभयो। छत्तीस खेलमध्ये केही खेल गण्डकीका अन्य जिल्लामा हुने उहाँले जानकारी दिनुभयो।

प्रतियोगिता आगामी कात्तिक ३ गतेसम्म चल्नेछ। पोखरासहित तनहुँ, स्याङ्जा, पर्वत, गोरखा, नवलपुर, म्याग्दी र बागलुङमा खेलस्थल तोकिएको छ। गण्डकीका सबै जिल्लामा राष्ट्रिय खेलकुदअन्तर्गत कम्तीमा एक खेल खेलाउने भनिए पनि पूर्वाधार अभावलगायत कारण लमजुङ, मनाङ र मुस्ताङमा भने यस पटक खेल नहुने गुरुङले गुरुङको भनाइ थियो। सातवटा प्रदेशसहित नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी गरी तीन विभागीय र एक गैर आवासीय नेपाली सङ्घ(एनआरएन) गरी कूल ११ टोलीबीच प्रतिस्पर्धा हुनेछ।

खेलकुदअन्तर्गत एथलेटिक्स, महिला क्रिकेट र ब्याडमिन्टन पोखरा रङ्गशालामा खेलाइनेछ। पुरुष फुटबल, टेनिस, बक्सिङ, भलिबल पुरुष, जिम्नष्टिक, ह्याण्डलबल पुरुष तथा महिला, सफ्ट टेनिस, स्क्वास र उसुको प्रतियोगिता पोखरा रङ्गशालमा हुनेछ। पुरुष बास्केटबल पोखरामा र महिला बास्केटबल तनहुँमा हुने भएको छ। आर्चरी, फेन्सिङ पोखरा रङ्गशालमा हुनेछ। यसैगरी जुडो र 'फुल कन्ट्याक्ट' कराँते पोखराको प्रदर्शनी हल तथा शारीरिक सुगठन पोखरा सभागृहमा खेलाइने परिषद्ले जनाएको छ। पौडी पोखराका फिस्टेल एकेडेमी, हक्की महिला गण्डकी बोर्डिङ स्कुल, भारत्तोलन पोखरा उद्योग वाणिज्य सङ्घको सभाहल, गल्फ पोखरा हिमालयन गल्फ कोर्स, साइक्लिङ, ट्रायथोलन र प्याराग्लाइडिङ पनि पोखरामै हुनेछ। रग्बी भण्डारढिक खेलमैदान, कबड्डी महिला पुरुष दुवै रञ्जित पार्टीप्यालेस रानीपौवा, खोखो पोखरा रङ्गशालाभित्रको ह्याण्डबल एकेडेमीमा खेलाइने भएको छ। यसैगरी म्याग्दीमा तेक्वान्दो र महिला भलिबल हुनेछ भने बागलुङमा आइटिएफ तेक्वान्दोको प्रतियोगिता हुनेछ।

नवलपुरमा सेपाकताक्रो र कुस्ती, गोरखामा बुद्धिचाल खेलाउने तय गरिएको छ। स्याङ्जाको वालिङमा महिला फुटबल आयोजना हुनेछ। यसैगरी पूर्वाधार अभावमा सुटिङ भने काठमाडौँमा खेलाइने छ। नवौँ राष्ट्रिय खेलकुदमा सहभागी बन्ने कूल ११ टोलीमध्ये प्रत्येक टोलीबाट महिला तीन सय ३५, पुरुष तीन सय ७४ जना सहभागी बन्नेछन्। सबै टोलीबाट तीन हजार ६ सय ८५ महिला र चार हजार एक सय १४ पुरुषसहित सात हजार सात सय ९९ खेलाडीले प्रतिस्पर्धामा भाग लिनेछन्। यस राष्ट्रिय प्रतियोगितामा स्वर्ण तीन सय ९३, रजत तीन सय ९३ र कास्य ६०० पदक रहेको परिषद्ले जनाएको छ।

# महिला हक्कीमा गण्डकी प्रदेशको विजयी सुरुआत

पोखरापत्र संवाददाता
पोखरा, २७ असोज



गण्डकी प्रदेशको राजधानी पोखरामा भईरहेको नवौं राष्ट्रिय खेलकुद प्रतियोगिताको महिला हक्की प्रतियोगितामा गण्डकी प्रदेशले बिजयी शुरुवात गरेको छ। गण्डकी बोर्डिङ स्कुल लामौचौर पोखराको मैदानमा विहीबारदेखि शुरु भएको प्रतियोगिताको उद्घाटन खेलमा गण्डकीले प्रदेश १ लाई ७-० अन्तरले पराजित गर्दै बिजयी शुरुवात गरेको हो।

गण्डकीका तर्फबाट सोनु बरालले १३ औं मिनेटमा खाता खोलेकी थिईन्। त्यसको २ मिनेटपछि नै सबिना पुन रानाले गोल गर्दै अग्रता दोब्बर पारिन्।

गण्डकीले दोश्रो हाफमा थप आक्रामक खेल्दै २ गोल थप्यो। खेलको १७ औं र २६ मिनेटमा कमला पुनले गोल गर्दै गण्डकीका लागि स्कोर बढाईन्। त्यस्तै खेलको तेस्रो क्वाटरमा गण्डकीले थप २ स्कोर बढायो। खेलको ३४ औं मिनेटमा सोनु बरालले पुनः एक गोल गरिन् भने कमलाले ४२ औं मिनेटमा खेलमा व्यक्तिगत तेस्रो गोल गरिन्। अन्तिम क्वाटरमा गण्डकीको तर्फबाट दिपशिखा पौडेलले ५५ औं मिनेटमा गोल थपिन्। यसअघि उद्धाटन खेल वागमती प्रदेश र सुदूरपश्चिम प्रदेशबीच हुने भनिएपनि जर्सी नआईपुगेपछि गण्डकी र प्रदेश १ बीच प्रतिष्पर्धा गराइएको थियो। दोस्रो खेलमा बागमती र सुदुरपश्चिम अहिले खेलिरहेका छन्। ७ टिम सहभागी रहेको प्रतियोगितामा दैनिक दुई खेल हुनेछ।

# बागलुङमा पाँच जनाको उम्मेदवारी फिर्ता, ३१ कायम

पोखरापत्र संवाददाता
बागलुङ, २७ असोज

पाँच जनाले उम्मेदवारी फिर्ता लिएपछि आसन्न प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्य चुनावका लागि बागलुङमा ३१ उम्मेदवार कायम भएका छन्।

मुख्य निर्वाचन अधिकृतको कार्यालयका अनुसार बागलुङ-१ बाट एक जना र २ बाट चार जनाले उम्मेदवारी फिर्ता लिएका हुन्। प्रतिनिधिसभा सदस्यका लागि बागलुङ-१ मा उम्मेदवारी दिनुभएका कृष्णशङ्कर श्रेष्ठले बुधबार उम्मेदवारी फिर्ता लिनुभएको हो। बागलुङ-२ बाट प्रतिनिधिसभा सदस्यमा स्वतन्त्र उम्मेदवारी दिनुभएका गणेशकुमार थापा, प्रदेशसभा सदस्यका लागि बागलुङ-२ (क) का उम्मेदवार भीमलाल पोखरेल, (ख)का दीपक थापा र करमती पुनले उम्मेदवारी फिर्ता लिनुभएको हो।

स्वतन्त्र उम्मेदवार श्रेष्ठको उम्मेदवारी फिर्तासँगै बागलुङ-१ मा प्रतिनिधिसभा सदस्यमा गठबन्धनबाट राष्ट्रिय जनमोर्चाका अध्यक्ष चित्रबहादुर केसी, नेकपा (एमाले)बाट सूर्यप्रसाद पाठक, राष्ट्रिय प्रजातन्त्र पार्टीबाट लक्ष्मीप्रसाद सापकोटा, नेपाली कांग्रेस (बिपी)बाट शिवलाल सापकोटा, राष्ट्रिय स्वतन्त्र पार्टीबाट खिमानन्द कँडेल र स्वतन्त्रबाट चन्द्रबहादुर क्षेत्रीको उम्मेदवारी कायम रहेको छ। बागलुङ-१ (क) मा गठबन्धनका तर्फबाट नेपाली कांग्रेसका दीपेन्द्रबहादुर थापा, नेकपा (एमाले)का हीराबहादुर खत्री, राष्ट्रिय प्रजातन्त्र पार्टीका डिल्लीप्रसाद आचार्य, सामाजिक एकता पार्टीका भक्तबहादुर विक र स्वतन्त्ररूपमा दीपेन्द्र हमालको उम्मेदवारी कायम छ। बागलुङ-१ (ख)मा गठबन्धनका तर्फबाट नेपाली कांग्रेसका डिल्लीराम सुवेदी, एमालेबाट नवराज पौडेल, राष्ट्रिय प्रजातन्त्र पार्टीबाट गोविन्द सापकोटा र मङ्गोल नेशनल अर्गनाइजेशनका सहवीर थापाको उम्मेदवारी कायम छ। बागलुङ-२ बाट प्रतिनिधिसभा सदस्यमा सत्ता गठबन्धनबाट शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री एवं नेकपा (माओवादी केन्द्र)का सचिव देवेन्द्र पौडेल, एमालेबाट मञ्जु शर्मा चालिसे, राष्ट्रिय स्वतन्त्र पार्टीबाट तिला खत्री, नेकपा जनमुक्ति पार्टीका चित्रप्रसाद गुरुङ, सामाजिक एकता पार्टीका टेकप्रसाद कामी, स्वतन्त्रबाट तुलसीराम अर्याल र डिलबहादुर कार्कीको उम्मेदवारी कायम छ। बागलुङ-२ (क)मा सत्ता गठबन्धनका जीत शेरचन र स्वतन्त्र उम्मेदवार प्रकाश घर्तीको उम्मेदवारी कायम छ। बागलुङ-२ (ख) मा सत्ता गठबन्धनबाट नेपाली कांग्रेसका दोर्ण कुँवर, एमालेका लक्ष्मण पुन, जनता समाजवादी पार्टीका गङ्गाबहादुर घर्ती, नेशनल अर्गनाइजेशन पार्टीका ताराबहादुर घर्ती, सामाजिक एकता पार्टीका टेकप्रसाद विक, स्वतन्त्रबाट नरबहादुर गुरुङ र दुर्गादेवी घर्तीको उम्मेदवारी कायम छ। मुख्य निर्वाचन अधिकृत डा दिवाकर भट्टले उम्मेदवारको अन्तिम नामावली प्रकाशनसँगै बुधबार नै उम्मेदवारलाई चुनाव चिह्न प्रदान गरिएको जानकारी दिनुभयो।

# तनहुँमा ५७ उम्मेदवार कायम

पोखरापत्र संवाददाता
दमौली, २७ असोज

आगामी मङ्सिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचनका लागि तनहुँमा ५७ उम्मेदवार कायम भएका छन्। दुई प्रतिनिधिसभा र चार प्रदेशसभा सदस्य निर्वाचनका लागि ६२ जनाले उम्मेदवारी दर्ता गराएकामा पाँच जनाले फिर्ता लिएपछि ५७ उम्मेदवार कायम भएका हुन्।

तनहुँ क्षेत्र नं १ को प्रतिनिधिसभा सदस्यका लागि १५, प्रदेशसभा-१ (क)का लागि ११ र प्रदेशसभा (ख)का लागि सात जनाको उम्मेदवारी कायम रहेको मुख्य निर्वाचन अधिकृतको कार्यालयले जनाएको छ। तनहुँ-२ को प्रतिनिधिसभा सदस्यका लागि १०, प्रदेशसभा (क)का लागि आठ र प्रदेशसभा (ख)का लागि छ जनाको उम्मेदवारी कायम छ।

तनहुँ क्षेत्र नं १ तर्फ दुई र तनहुँ क्षेत्र नं २ तर्फ तीन जनाले उम्मेदवारी फिर्ता लिएका छन्। तनहुँ क्षेत्र नं १ मा प्रतिनिधिसभा सदस्यमा उम्मेदवारी दिनुभएका स्वतन्त्र उम्मेदवार विश्व बाँस्तोला र प्रदेशसभा (क) तर्फ उम्मेदवारी दिनुभएका स्वतन्त्र उम्मेदवार नगेन्द्र पौडेलले उम्मेदवारी फिर्ता लिनुभएको मुख्य निर्वाचन अधिकृतको कार्यालयका सहायक निर्वाचन अधिकृत मीनबहादुर कुँवरले जानकारी दिनुभयो।

तनहुँ क्षेत्र नं २ अन्तर्गत प्रदेशसभा (ख)का जनता समाजवादीका उम्मेदवार पूर्णबहादुर गुरुङ, प्रदेशसभा (क) का नेपाली काङ्ग्रेस (बीपी)का उम्मेदवार डा शेषरमण न्यौपाने र स्वतन्त्र उम्मेदवार प्रेम परियारले उम्मेदवारी फिर्ता लिनुभएको छ। मुख्य निर्वाचन अधिकृतको कार्यालय र निर्वाचन अधिकृतको कार्यालयले सबै उम्मेदवारलाई निर्वाचन चिह्न प्रदान गरिसकेको छ। तनहुँ क्षेत्र नं १ को प्रतिनिधिसभा सदस्यका लागि नेकपा (एमाले) बाट एकबहादुर राना, नेपाली कांग्रेसबाट रामचन्द्र पौडेल, जनता समाजवादी पार्टीबाट पासाङ थापामगर, राष्ट्रिय प्रजातन्त्र पार्टीबाट विनोदकुमार घर्ती, नेपाल मजदुर किसान पार्टीबाट रामकृष्ण त्वायना, हाम्रो नेपाली पार्टीबाट प्रवीण पौडेल, राष्ट्रिय प्रजातन्त्र पार्टी नेपालबाट कृष्णप्रसाद पौडेल, मङ्गोल नेशनल अर्गनाइजेशनबाट प्रेमबहादुर थापा, नेश्नलिष्ट पिपल्स पार्टीबाट ताजमहमद मियाँ, राष्ट्रिय जनमुक्ति पार्टीबाट हस्तबहादुर किचिम थापा, राष्ट्रिय स्वतन्त्र पार्टीबाट विकास सिग्देल चुनावी मैदानमा हुनुहुन्छ।

स्वतन्त्रतर्फ गोविन्दराज जोशी, रामचन्द्र कार्की, बेलबहादुर दरै र पृथ्वीनारायण श्रेष्ठ चुनावी प्रतिस्पर्धामा हुनुहुन्छ। तनहुँ क्षेत्र नं २ तर्फ नेकपा (एमाले)बाट किरण गुरुङ, नेपाली कांग्रेसबाट शङ्कर भण्डारी, राप्रपाबाट नरेन्द्रप्रताप महत, नेपाल मजदुर किसान पार्टीबाट रामहरि गोरा, हाम्रो नेपाली पार्टीबाट विष्णु पराजुली, मङ्गोल नेशनल अर्गनाइजेशनबाट प्रविना थापामगर, राष्ट्रिय जनमुक्ति पार्टीबाट लालबहादुर सार्की गोतामे, नेपाली कांग्रेस (बिपी)बाट पुष्पराज पराजुली, जनसमाजवादी पार्टी नेपालबाट खड्कबहादुर विक र राष्ट्रिय स्वतन्त्र पार्टीबाट विजय जोशी चुनावी मैदानमा हुनुहुन्छ।

तनहुँ क्षेत्र नं १ प्रदेशसभा (क) तर्फ एमालेबाट रामबहादुर गुरुङ, कांग्रेसबाट अशोककुमार श्रेष्ठ, जनता समाजवादी पार्टी नेपालबाट अर्जुन गुरुङ, मौलिक जरोकिलो पार्टीबाट चिजकुमार श्रेष्ठ भन्ने बाबुराम आले, राष्ट्रिय प्रजातन्त्र पार्टी नेपालबाट विजयकुमार शाही, मङ्गोल नेशनल अर्गनाइजेशनबाट भीमबहादुर लामा, नेकपा (एकीकृत समाजवादी)बाट विद्यानाथ ढकाल, राप्रपाबाट विवेक न्यौपाने, राष्ट्रिय जनमुक्ति पार्टीबाट भुवनसिं थापा, स्वतन्त्रबाट हरिराज जोशी र रामबहादुर थापा चुनावी प्रतिस्पर्धामा हुनुहुन्छ।

तनहुँ क्षेत्र नं १ प्रदेशसभा (ख)तर्फ एमालेबाट पूर्णबहादुर गुरुङ, नेकपा (माओवादी केन्द्र)बाट हरिबहादुर चुमान, जनता समाजवादी पार्टी नेपालबाट किसन भुजेल, मङ्गोल नेशनल अर्गनाइजेशनबाट रनबहादुर खवास, नेकपा (एकीकृत समाजवादी)बाट कलिला खातुन, राप्रपाबाट राजु गोतामे र राष्ट्रिय जनमुक्ति पार्टीबाट खेमबहादुर गुरुङ चुनावी प्रतिस्पर्धामा हुनुहुन्छ। तनहुँ क्षेत्र नं २ प्रदेशसभा (क)तर्फ एमालेबाट श्यामराजा महत, माओवादी केन्द्रबाट राजेन्द्रकेशरी न्यौपाने, मौलिक जरोकिलो पार्टीबाट टोलराज वाग्ले, मङ्गोल नेशनल अर्गनाइजेशनबाट सुमन थापामगर, एकीकृत समाजवादीबाट दुर्गाकुमार श्रेष्ठ, राप्रपाबाट रेशमराज अधिकारी, राष्ट्रिय जनमुक्ति पार्टीबाट नेत्रबहादुर थापा, जनसमाजवादी पार्टी नेपालबाट रामबहादुर विश्वकर्मा चुनावी प्रतिस्पर्धामा हुनुहुन्छ।

तनहुँ क्षेत्र नं २ प्रदेशसभा (ख)तर्फ एमालेबाट केदार सिग्देल, कांग्रेसबाट जितप्रकाश आलेमगर, मङ्गोल नेशनल अर्गनाइजेशनबाट नमबहादुर राना, एकीकृत समाजवादीबाट प्रतापलाल श्रेष्ठ, राप्रपाबाट श्यामकुमारी राई, राष्ट्रिय जनमुक्ति पार्टीबाट धनबहादुर गुरुङ चुनावी प्रतिस्पर्धामा हुनुहुन्छ।

# पुरुष फुटबलको दोस्रो खेलमा बागमति विजयी

पोखरापत्र संवाददाता
पोखरा, २७ असोज




नवौं राष्ट्रिय खेलकुद प्रतियोगिता अन्तरगत बिहिबार भएको पुरुष फुटबलको दोस्रो खेलमा बागमतिले मधेश प्रदेशलाई २-० गोल अन्तरले हराएको छ।

पहिलो हाफ गोलरहित बराबरीमा रोकिएपनि बागमतिले दोस्रो हाफमा २ गोल गर्दै सहज जित निकालेको हो। बागमतिका लागि अज्जन विष्ट र सुनिल बलले गोल गरे। खेलको ३९ औं मिनेटमा सुनिलको गोलमा अग्रता लिएको बागमतिका लागि ४५ औं मिनेटमा अज्जन विष्टले पेनाल्टि मार्फत गोल गर्दै अग्रता दोब्बर पारे। खेलको पहिलो हाफमा मधेश प्रदेशले बागमतिलाई निकै दबाबमा राखेपनि गोल गर्न नसक्दा हार व्यहोरेको हो।

बिहिबारको पहिलो खेलमा एनआरएनएले प्रदेश नम्बर १ लाई २-० गोलअन्तरले पराजित गरेको थियो। प्रतियोगिता अन्तरगत शुक्रबार लुम्बिनी प्रदेश र त्रिभुवन आर्मीबीच पहिलो तथा कर्णाली र सुदुरपश्चिम बीच दोस्रो खेल हुनेछ।


आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो॥

हार्दिक समवेदना



जन्म: १९९४/03/२९ गते

स्व. रामभक्त श्रेष्ठ

स्वर्गारोहण: २०७९/0६/२0 गते

यस गुठीका नायो: बागबजार, पोखरा-१ निवासी **रामभक्त श्रेष्ठ** को ८५ वर्षको उमेरमा भएको असामयिक निधनले हामी अत्यन्तै मर्माहत र स्तब्ध भएका छौं। उहाँको स्वर्गारोहण भएको आज नवौं दिनको पुण्य तिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछौं। साथै यस दुःखद घडीमा शोकसन्तप्त परिवारजनप्रति धैर्य धारण गर्ने शक्ति ईश्वरले प्रदान गरून् भनि हार्दिक समवेदना प्रकट गर्दछौं।

श्री पञ्चमी गुठी परिवार
पोखरा